# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



दुर्लभ श्रामणेर प्रवज्या हुनुभएका [illegible] धर्म[illegible]ती गुरुमां र दो गुणवती गुरुमां


**कतिं पुन्ही**

वर्ष-२३; अङ्क-७

DHARMAKIRTI

बित्रम सम्वत् २०६२

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन।

## ■ विषय-सूचि ■


| क्रसं | विषय | लेखक | पेज नम्वर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय– बुद्धको मध्यम मार्ग | – | २ |
| ३. | मुक्तिको लागि आर्यसत्यको अनुभव आवश्यक | – सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद-१८२ | – रीना तुलाधर | ६ |
| ५. | शुमाय्-पौ | – | ७ |
| ६. | बुद्ध अनुयायी | – अ. सुमेधावती | ७ |
| ७. | बुद्ध साधारण व्यक्ति हुनुहुन्न | – प्रेम लक्ष्मी तुलाधर | ८ |
| ८. | छि थ्वैम्ह सु ? | – लक्ष्मी हिरा तुलाधर | ९ |
| ९. | क्षान्ति र मैत्री - २ | – ले. भिक्षु अश्वघोष, अ. वीर्यवती | १० |
| १०. | धर्म प्रचार र बहुजन हिताय | – रासकुमारी मानन्धर | ११ |
| ११. | मनोक्रान्ति गर्नु छ विश्वमा शान्ति ल्याउनु छ | – राजीव वज्राचार्य | १२ |
| १२. | भय, ज्वाला, आतंक | – शान्तवीर शाक्य | १२ |
| १३. | दु:खको दर्शनले मुक्ति पथतिर लगिदिन्छ | – नरेन्द्रनाथ भट्टराई | १३ |
| १४. | सद्धर्मको कार्य-१० | – भीमराव रामजी आंबेडकर, अनु. ललितरत्न [illegible] | १४ |
| १५. | What is Buddhism ? | - Ven. S. Dhammika | १५ |
| १६. | धुताङ्ग - ३ | – भाय् ह्युम्ह ब.आ.राजा | १६ |
| १७. | मनूतयेगु पह: - ५ | – धम्मवती गुरुमां | १८ |
| १८. | धर्मकीर्ति विहार-गतिविधि | – | १९ |
| १९. | धर्म प्रचार-समाचार | – | २४ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु।
- छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु।
- आसे धयादीमते, विचा: याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु।

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**SEPTEMBER 2005**


| वर्ष– २३ | अङ्क– ७ | कति पुन्ही | कार्तिक २०६२ |
|---|---|---|---|





★ शत्रुले शत्रुलाई जति हानि पुऱ्याउँन सक्छ, त्यो भन्दा बढ्ता हानि कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ।

★★★

★ अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गऱ्यो के गरेन भनि हेर्नु नै बेस छ ।

★★★

★ कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।

★★★

★ क्रोधीलाई अक्रोधले जित्नु, नराम्रो गर्नेलाई राम्रो कामले जित्नु, कृपणीलाई दानले जित्नु र असत्यवादीलाई सत्यले जित्नु ।

★★★


*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८२५५, ४२२ ४११२

*व्यवस्थापकहरू*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
ध्रुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

*प्रकाशक एवं विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
e-mail: dharmakirtivihar@mail.com.np
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५४९
नेपाल सम्वत् ११२५
इस्वी सम्वत् २००५
विक्रम सम्वत् २०६२

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ७/- |

# बुद्धको मध्यम मार्ग

सिद्धार्थ गौतमले ६ वर्ष सम्म कठोर तपस्या गर्नु भई चार आर्य सत्यहरूलाई यथार्थ बोध गरिसक्नु भएपछि मात्र बुद्धत्त्व प्राप्त गर्नु भएको हो । ती चार वटा आर्य सत्यहरू यसरी रहेका छन्–

दु:ख छ, दु:खका कारणहरू छन्, दु:खबाट मुक्त हुन सकिन्छ र दु:खबाट मुक्त हुनका लागि बाटोहरू छन् । दु:खबाट मुक्त हुने बाटोलाई आर्य अष्टाङ्गिक मार्ग अर्थात् मध्यम मार्ग भनिन्छ ।

मध्यम मार्गका आठवटा बुँदाहरू यसरी रहेका छन्–

सम्यकदृष्टि (ठीक समझदारी), सम्यक संकल्प (ठीक नियत), सम्यक वचन (ठीक बोली), सम्यक कर्मान्त (ठीक काम), सम्यक आजीव (ठीक जीवन), सम्यक व्यायाम (ठीक प्रयास), सम्यक स्मृति (सही होशियार), सम्यक समाधि (ठीक एकाग्रता) ।

बुद्धले यस शिक्षा सर्वप्रथम कपिलवस्तुका पाँचजना ब्राह्मणहरूलाई बताउनु हुँदै भन्नु भयो– "भिक्षुहरू ! हामीले अति विलाषी जीवन र अति कष्टमय दु:खी जीवनलाई त्यागी बीचको मध्यम जीवन मार्गलाई अपनाउनु पर्दछ । अर्को शब्दमा भन्ने हो भने अति धनी र अति गरीवी जीवनबाट अलग्ग रहन सक्नु पर्दछ । यस्तो जीवनवाट मुक्ति पाउनका लागि हाम्रो दृष्टि सही हुनु पर्दछ । छलकपटी र स्वार्थपूर्ण विचार धारालाई त्याग्नु पर्दछ । दु:खको कारण नै तृष्णा अर्थात् भौतिक साधन जति भए पनि नपुग्ने असन्तुष्टीपना हो । ठीक दृष्टि र ठीक संकल्प भएसम्म मध्यम मार्गी बन्न सजिलो हुनेछ ।

आजभोलीको द्वन्दयुक्त समाजमा समस्या समाधानको लागि बुद्धको मध्यम मार्ग अति उपयोगी रहेको देखिन्छ । बुद्धको बिचार अनुसार जुन क्षेत्रमा पनि अतिवादले नराम्रो नतिजा दिने गर्छ । उपमाको लागि हामीले दिनहुँ खाइरहने तरकारीहरूमा नून बढि भएपनि खान सकिन्न भने नून नपुगे पनि खान कठिन हुन्छ । त्यसैले बुद्ध शिक्षानुसार हामीले समस्याको चर्चा मात्र गरि रहनु ठीक होइन । समस्या समाधान तर्फ ध्यान दिन सकेमा मात्र सफलता प्राप्त हुनेछ । कुनैपनि क्षेत्रमा आफूलाई चित्त नबुझेको कुरामा विरोध गर्न सकिन्छ तर रचनात्मक ढंगबाट मध्यममार्गी बनी । अर्को शब्दमा भन्ने हो भने आफूले गरेको कुरा अनुसारको काम पनि गर्न सक्नु पर्दछ । आफ्नो बोली र काम गराईमा समानता हुन सक्नु पर्दछ । बोली अनुसारको काम गराईमा फरक आएमा समस्या अझ बल्झिने डर हुन्छ । त्यसैले विरोधको लागि विरोध नै थपेर समस्या समाधान हुन सक्दैन । यो मध्यम मार्ग पनि होइन ।

बुद्धको विचारधारा अनुसार दु:खबाट मुक्त हुनका लागि सर्वप्रथम मानिसलाई चाहिने आधारभूत आवश्यकता पूर्ति हुनु जरुरी छ । यसको लागि पोषिलो खाना, बसोबासको लागि उपयुक्त ठाउँ, आफ्नो साथमा रहने व्यक्तिहरू असल बानी व्यवहारको हुनु, मौसम अनुकुलको वस्त्र पाउनु र असल काममा विचार मिल्नु आदि । यसलाई बुद्ध शिक्षानुसार मध्यम मार्गको रूपमा लिन सकिन्छ । त्यसैले सफल जीवन यापनको लागि यस मध्यम मार्ग पूरा हुनु अति आवश्यक देखिन्छ ।

मध्यम मार्गलाई पछ्याउने हो भने हामीले आफूलाई ठीक मात्रामा आत्मालोचना गर्न पनि सक्नु पर्दछ । आफू विश्वास पात्र बन्नु को साथै कर्त्तव्य परायणी पनि हुनु अनिवार्य छ ।

यसरी सफल जीवन यापनको लागि बुद्धले देखाउनु भएको मध्यम मार्ग आज सम्म पनि समसामयिक र सान्दर्भिक भइरहेको पाउँछौं जुन मार्ग बहुजन हिताय बहुजन सुखायको लागि अति उपयोगी रहेको छ ।



Downloaded from http://www.dhamma.digital

# मुक्तिको लागि आर्यसत्यको अनुभव आवश्यक

■ सत्यनारायण गोयन्का

भगवान तथागत चित्त विमुक्त हुनुभयो । भव भ्रमणबाट नितान्त रुपमा विमुक्त हुनुभयो । स्वयं विमुक्त भएर अन्य मानिसहरूलाई विमुक्तिको सही मार्ग सिकाउन लाग्नु भयो । भव बन्धन र भव विमुक्तिको सत्य आफूले अनुभव गरेर नै स्वयंले घोषणा गर्नु भयो कि–

**अहं, दुक्खं अरियसच्चं ... ... दुक्खसमुदयं अरियसच्चं...दुक्खनिरोधं अरियसच्चं...दुक्खनिरोधगामिनिं पटिपदं अरियसच्चं यथाभूतं अनभिसमेच्च ।**

दुःख आर्यसत्य, दुःख समुदय आर्यसत्य, दुःख निरोध आर्यसत्य र दुःख निरोधगामिनी प्रतिपदा आर्यसत्यको यथाभूत ज्ञान दर्शन नगरीकन नै यदि कसैले म सम्यक रूपले अर्थात सही अर्थमा दुःखको अन्त गर्छु भन्यो भने त्यो असम्भव छ । किनकि,

**यं खो, आवुसो, दुक्खे अञ्ञाणं, दुक्खसमुदये अञ्ञाणं, दुक्खनिरोधे अञ्ञाणं, दुक्खनिरोधगामिनिया पटिपदाय अञ्ञाणं – अयं वुच्चतावुसो, 'अविज्जा' ।**

– आवुसो, यो दुःखको अज्ञान हो, दुःख समुदयको अज्ञान हो, दुःख निरोधको अज्ञान हो, दुःख निरोधगामिनी प्रतिपदाको अज्ञान हो – यही अविद्या हो ।

जबसम्म अविद्या हुन्छ, तब सम्म भवविमुक्तिको ढोका बन्द नै हुन्छ, किनकि यस्तो व्यक्तिले कहिल्यै थाहा पाउँदैन कि सबै सांसारिक सुखमा दुःख समाएको छ । उस्ले कहिल्यै पनि थाहा पाउँदैन कि दुःखको मूल कारण तृष्णा हो । तृष्णाको जरासम्म उखेल्यो भने दुःख निरोधको अवस्था प्राप्त हुन्छ भन्ने उसले थाहापाउँदैन । दुःख निरोधको लागि शील, समाधि, प्रज्ञाको आर्य अष्टाङ्गिक मार्गमा हिंड्नु पर्छ भन्ने उसले कहिल्यै पनि थाहा पाउँदैन । जस्ले यी कुराहरू थाहापाउँदैन ऊ कसरी मुक्ति मार्गमा अघि बढ्छ । अघि नै बढेन भने मुक्त कसरी हुन्छ ? उसको जिवनमा अन्धकार नै अन्धकार हुन्छ ।

भगवान बुद्धले अगाडि भन्नु भयो– भिक्षुहरू, संसारमा जबसम्म सुर्य र प्रकाश उडाईरहन्छ तबसम्म महान आलोक – उज्यालो छाई रहन्छ, प्रकाशको प्रादुर्भाव भईरहन्छ । त्यस्तै प्रकारले जबसम्म तथागत अरहन्त सम्यक सम्बुद्ध संसारमा उत्पन्न हुँदैन तब सम्म प्रभुत प्रकाश एवं आलोकको प्रादुर्भाव हुँदैन, तबसम्म गहिरो रातको अँध्यारो छाईरहेको हुन्छ । तबसम्म न चार आर्य सत्यको चर्चा कहीं सुन्न पाउँछ, न देशना, न प्रज्ञापना, न प्रस्थापना, न विवरणा, न अनावरण गर्न पाउँछ, न विभाजन हुन्छ, न कसैले स्पष्ट गर्छ ।

संसारमा जब सम्यक सम्बुद्धको प्रादुर्भाव हुन्छ तब नै यी चार आर्यसत्यको बारेमा प्रकाश हुन्छ र शील, समाधि तथा प्रज्ञाको आर्य अष्टांगिक मार्गमा सफलतापूर्वक अगाडि बढ्ने स्पष्ट विधि प्रकाशमा आउँछ ।

जो कोही व्यक्तिले पनि सत्यलाई बुझेर शील, समाधि तथा प्रज्ञाको आर्य अष्टांगिक मार्गमा अगाडि बढ्छ भने निश्चित रूपले निर्माण तर्फ अघि बढ्दै जान्छ । उसलाई कसैले रोक्न पाउँदैन । जसरी गंगा नदी पूर्व दिशा तर्फ बहन्छ त्यसरी नै जो भिक्षु आर्य अष्टांगिक मार्गको भावित (अभ्यास) गर्दछ, ऊ निर्वाण तीर अगाडि बढ्दछ ।

चार आर्यसत्य मध्ये आर्य अष्टांगिक मार्ग प्रयोगात्मक हुनुको कारण यो प्रमुख छ । चारैवटा आर्यसत्यलाई **तिपरिवट्टं द्वादसाकारं** अनुभव गर्नका लागि अष्टांगिक मार्ग अनिवार्य छ । त्यसैले यी चार आर्यसत्यलाई सिद्धान्तको रुपमा स्वीकार गर्नु पर्दछ । आर्यसत्यलाई बाह्र प्रकारले अनुभव गर्ने हो भने कुनै एउटालाई साक्षात्कार गर्‍यो भने पनि बाँकी तीन वटाको साक्षात्कार स्वतः हुन्छ ।

**यो, भिक्खवे, दुक्खं पस्सति, दुक्समुदयम्पि सो पस्सति, दुक्खनिरोधम्पि पस्सति, दुक्खनिरोधगामिनिं पटिपदम्पि पस्सति ।**

– भिक्षुहरू ! जसले दुःखको दर्शन गर्छ उसले दुक्ख समुदय, दुःख निरोध र दुःख निरोधगामिनी प्रतिपदाको पनि दर्शन गर्दछ ।

दुःखका सारा परिधिलाई पार गरेर दुःख निरोध, दुःखको विनाश भईरहेको थाहापाउनु नै दुःखको परिज्ञान हो । यस क्रममा दुःख समुदय अर्थात तृष्णा (राग-द्वेष) को दर्शन स्वतः हुन थाल्छ र दुःखको क्षेत्र पार लगाउनको लागि शील, समाधि, प्रज्ञाको आर्यअष्टांगिक मार्गको एक-

एक अंगको दर्शन अनुभवले जान्दछ । यसरी पहिलो आर्यसत्यको दर्शनले दोस्रो, तेस्रो र चौथौं आर्यसत्यको दर्शन पनि स्वत: हुन जान्छ । त्यस्तै प्रकारले जसले दु:ख समुदय रुपी तृष्णाको दर्शन गर्छ, उसले दु:खको, दु:ख निरोधको, दु:ख निरोधगामिनी प्रतिपदाको स्वत: दर्शन गर्छ । त्यस्तै जस्ले दु:ख निरोधको दर्शन गर्छ उसले दु:खको, दु:ख समुदयको र दु:ख निरोधगामिनी प्रतिपदाको पनि दर्शन गर्दछ ।

दु:ख निरोधगामिनी प्रतिपदाको दर्शन गर्नेले दु:खको, दु:ख समुदयको र दु:ख निरोधको पनि दर्शन गर्दछ । जब दर्शन आफ्नो अनुभवले हुन्छ तब थाहापाउँदछ कि एक आर्यसत्यमा चारै आर्यसत्य एकत्र भएको छ । एउटाको दर्शन भयो भने बाँकी तिनैवटाको दर्शन स्वत: हुन थाल्छ । चार आर्य सत्यको दर्शनले महामंगल हुन्छ–

**अरियसच्चानं दस्सनं...एतं मङ्गलमुत्तमं ।**

जस्ले आर्यसत्यलाई गहिराईसम्म जान्दछ उसले आर्यसत्यलाई भाविता गर्दछ र जस्ले आर्यसत्यलाई विशेष रूपले भाविता गर्दछ ऊ आर्य बन्दछ, त्यसैले आर्यसत्यको दर्शनमा उत्तम मंगल छ ।

आर्यसत्य सत्यभन्दा टाढा छैन, कुनै कल्पना यस्मा छैन । कुनै सम्प्रदायको अन्धविश्वासले भरिएको दार्शनिक मान्यता यसमा छैन । जीवनका यस्ता सत्य जुन कोही पनि, कुनै पनि सम्प्रदायको ब्यक्तिले गर्न सक्दछ र परिणामत: भवबाट मुक्त हुन सक्छ । यी चारै आर्यसत्यको साक्षात्कार को अन्तिम उपलब्धि दु:ख निरोध आर्यसत्य हो । यही निर्वाण हो, जसको दर्शन पहिलो पटक भएमा स्रोतापन्न अवस्था प्राप्त हुन्छ र साधक अनार्यबाट आर्य हुन्छ चाहे त्यो ब्यक्ति कुनै जाति, वर्ग, गोत्र र सम्प्रदायको किन नहोस् । यसको साक्षात्कार भएमा कोही पनि ब्यक्ति आर्यबन्न सक्छ । लोकमा तथागत आर्य हुनुहुन्छ । अत: यसलाई आर्यसत्य भनियो । जो स्वयं आर्य भइसक्यो, उहाँले आफ्नो अनुभवद्वारा जानिएको सत्यलाई प्रकाशन गरियो भने त्यो आर्य नै कहलाउँछ ।

यस युगमा मिथ्या मान्यतालाई छोडेर तटस्थमार्गमा अगाडि बढेर आर्य बनेको पहिलो ब्यक्ति नै तथागत हुनुहुन्छ । यदि त्यही मार्गमा अरु कोही ब्यक्ति अगाडि बढ्छ भने उनीहरू पनि आर्य हुन्छ ।

जीवन जगतका यी चारै वटा महत्वपूर्ण सत्य जब केवल दार्शनिक मान्यता बनेर रहन्छ तब अन्य दार्शनिक मान्यता झैं यो पनि निष्फल नै हुन्छ, निरर्थक नै हुन्छ र केवल साम्प्रदायिक वाद-विवादको कारण बनेर रही रहन्छ । परन्तु यस्को यथार्थ दर्शन भएमा यो मुक्तिदायिनी हुन्छ, सफल हुन्छ, सार्थक हुन्छ ।

चार आर्यसत्य मात्र होइन, त्यसको तिपरिवट्टं द्वादसाकारं अर्थात बाह्र प्रकारका स्वरूप केवल पाठ मात्र गरिरह्‌यो भने अथवा कुनै सम्प्रदायको मान्यता मात्र भईरह्‌यो भने दुर्भाग्य बाहेक अरु केहि हुँदैन । कुनै पनि सम्प्रदायको बन्धन ज्यादै कठोर हुन्छ । त्यसबाट निस्किनु अति कठिन हुन्छ । जब यी चार आर्यसत्यको वास्तविक दर्शन हुन्छ, त्यसलाई आफ्नो अनुभवले थाहापाउँदछ तब ती थोत्रो मान्यता सबै स्वत: छुट्छ । जब स्वयंले त्यसको दर्शन गर्छ तब सत्यको अभिसम्बोध हुन्छ, तब त्यो चिन्तनको विषय नै रहँदैन, विवादको विषय नै रहँदैन ।

चार आर्यसत्यको यथाभूत दर्शन हुनु भनेको– इन्द्रिय जगत भन्दा परको अवस्था निर्वाणको दर्शन हुनु हो । सम्पूर्ण दार्शनिक मान्यता इन्द्रिय क्षेत्रसम्म मात्र सीमिति हुन्छ । इन्द्रियातीत अवस्थाको अनुभव भएपछि अन्य कुनै मान्यता सामू रहन सक्दैन ।

संसारमा देवता सहित मार, ब्रह्मा, श्रमण, ब्राह्मण तथा अन्य देव मनुष्य द्वारा इन्द्रियहरूको क्षेत्रमा आँखाले देखेको, कानले सुनेको, नाकले सुँघेको, जिब्रोले स्वाद लिएको, र मनले चिन्तन गरेकोलाई अन्तिम अवस्था प्राप्ती मानेको छ, अन्तिम सत्यलाई यसै क्षेत्रमा मात्र खोजेको छ, यसैमा मात्र चिन्तन मनन गरेको छ । जबकि तथागतले यस सम्पूर्ण इन्द्रिय जगतको अनित्य स्वभावको सत्यलाई अनुभव गरेर यसभन्दा पर नित्य र अपरि वर्तनशील इन्द्रियातीत निर्वाणिक अवस्थाको साक्षात्कार गर्नु भयो ।

**यस्मा तं तथागतेन अभिसम्बुद्धं, तस्मा 'तथागतो' ति बुच्चति ।**

– त्यस (परम सत्य) लाई तथागतले अभिसम्बोध गर्नु भयो, त्यसैले उहाँलाई तथागत भनियो ।

जबसम्म इन्द्रियको परिधि भित्र **परियेसितं** अनुसन्धान भईरहन्छ र यसै क्षेत्रको कुनै एक अवस्थालाई



Downloaded from http://www.dhamma.digital

परम सत्यको अवस्था मान्दछ र यी नै उपलब्धिहरू नै भिन्न भिन्न दार्शनिक मान्यता बन्दछ । तथागतले यस इन्द्रिय क्षेत्रको सम्पूर्ण बिसौनिहरूलाई पार गर्दै गर्दै निर्वाणको साक्षात्कार गर्नु भयो । अत: यसमा कुनै दार्शनिक मान्यता गाँसिएको छैन । उनको आफ्नो पनि कुनै दार्शनिक मान्यता छैन, किनकि तथागतले दार्शनिक मान्यताको क्षेत्रलाई पर छोडी सक्यो । नाम र रुपको इन्द्रिय क्षेत्र मात्रै दार्शनिक मान्यताको क्षेत्र हो ।

जबकोही व्यक्ति नाम रूपको क्षेत्र अर्थात छ: इन्द्रिय र त्यसको विषयसंग सम्बन्धित क्षेत्र अनुभवले जान्दछ तब राम्ररी थाहापाउँदछ कि जुन समुदय हुन्छ त्यो अवश्य व्यय पनि हुन्छ, त्यो अनित्य छ, नश्वर छ, भंगुर छ । चाहे तल तिर अधोलोकका कुनै क्षेत्र होस् अथवा माथितिर अरुप ब्रह्मलोकसम्म का कुनै क्षेत्र होस् यी सबै लौकिक क्षेत्र अनित्य छन्, परिवर्तनशील छन् । यो अनित्य बोध अन्ध श्रद्धाले स्वीकार गर्न सक्दैन, न कि तर्क वितर्क र वर्णन द्वारा, यो त प्रत्यक्ष ज्ञान द्वारा अनुभव गर्न सकिन्छ ।

**सब्बे सङ्खारा अनिच्चाति, यदा पञ्ञाय पस्सति ।**

– प्रज्ञाको आँखाले हेऱ्यो भने सारा संस्कृत पदार्थ र अवस्था अनित्य छन् ।

चाहे मानव लोकका सुख सुविधा होस् चाहे देवलोकका दिव्य सुखभोग होस्, अथवा रूप र अरूप ब्रह्मलोकको दीर्घजीवी ब्राह्मी सुख होस्, सारा सुख नाश हुने खालको छ, किनकि ती अनित्य छन् र प्रत्येक सुख नष्ट भएर दु:खमा बदलिन्छ । अत: सम्पूर्ण लौकिक सुख वास्तवमा दु:खदायी नै हुन्छन् । सारा लौकिक सुख भित्र दु:खको बीऊ रहेको हुन्छ । निर्वाणको साक्षात्कार भएपछि मात्रै साधकले थाहापाउँदछ कि यो नित्य, शाश्वत र ध्रुव हुनुको कारण वास्तवमा निर्वाण नै परम सुख हो ।

**निब्बानं परमं सुखं ।**

निर्वाणको परम सुख अनुभव भएपछि नै यसको तुलना लौकिक सुखसंग हुन्छ र तब स्पष्ट हुन्छ कि- उसलाई अन्य मानिसहरू सुख भन्छन्, त्यो आर्य दु:ख हो । जसलाई अन्य मानिसहरू दु:ख भन्छन्, त्यो आर्य सुखको रूपमा लिनु पर्छ ।

**सब्बे सङखारा दुक्खाति, यदा पञ्ञाय पस्सति ।**

– प्रज्ञाको आँखाले हेऱ्यो भने सारा संस्कृत पदार्थ र अवस्था दु:ख छन् ।

यस अवस्थामा आईपुग्दा जो अनित्य छ, परिवर्तन शील छ ती सबै दु:ख हो भन्ने स्पष्ट हुन थाल्छ । जुन अनित्य छ त्यो दु:ख छ । जुन दु:ख छ, त्यो अनात्म छ । जुन अनात्म छ त्यो न मेरो हो, न म हूँ, न मेरो आत्मा हो ।

**सब्बे धम्मा अनत्ताति, यदा पञ्ञाय पस्सति**

**-प्रज्ञा चक्षुले हेऱ्यो भने सारा धर्म अनात्म छ ।**

**-अथ निब्बिदन्ति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

– जसले दु:खलाई छेड्छ, त्यही विशुद्धिको मार्ग हो, त्यही विमुक्तिको मार्ग हो ।

जस्तो सारा लौकिक अवस्थामा त्यसैगरी निर्वाणको अवस्थामा पनि म, मेरो र मेरो आत्मा भन्ने छैन । त्यस अनन्त असीम अवस्थामा कुनै ससीम व्यक्तिको व्यक्तित्व टिक्न सक्दैन । यस इन्द्रियातीत अवस्थालाई कहाँ निर म, मेरो र मेरो आत्मा भन्ने ? यो त निर्वाणको साक्षात्कार भएपछि नै स्पष्ट हुन्छ । यस अवस्थामा पुगेको व्यक्ति अहंकार, ममंकारबाट पूर्ण त विमुक्त हुन्छ । व्यवहारमा म, मेरो भनेता पनि अनासक्त हुन्छ, उसको अभिमानरुपी क्लेश पूर्णतया समाप्त भईसकेको हुन्छ । अत: उसको दार्शनिक मान्यता, चिन्तन-मनन, वाद-विवाद आदि सबै अलग भईसकेको हुन्छ । यस्तो व्यक्तिले यी सबैलाई दु:खमय, क्लेशमय थानेको हुन्छ ।

भिक्षुहरू, यी चार आर्यसत्यलाई साक्षात्कार नगरि कन, अनुबोध नगरिकन, प्रतिवेधन नगरिकन म यस संसार मा घुमिरहें, संस्सरण गर्दैरहें - भगवान बुद्धले भन्नुभयो । भगवान स्वयं यी चार आर्य सत्यको साक्षात्कार गरेर भव विमुक्त हुनुभयो ।

**अभिञ्ञेयं अभिञ्ञातं, भावेतब्बञ्च भावितं ।**

**पहातब्बं पहीनं मे, तस्मा बुद्धोस्मि ब्राह्मण ॥**

– जुन दु:ख सत्य र निरोध-सत्य अभिज्ञात गर्न योग्य थियो, त्यसलाई मैले अभिज्ञात गरें । जुन मार्ग-सत्य भावित गर्न योग्य थियो, त्यसलाई मैले भावित गरें । जुन समुदय-सत्य प्रहाण गर्न योग्य थियो त्यसलाई मैले प्रहाण गरें । हे ब्राह्मण, म त्यसैले बुद्ध हूँ ।

आर्यसत्यको साक्षात्कार विना कोही विमुक्त हुन सक्दैन ।

*(साभार: "विपश्यना" बुद्ध वर्ष-२५४६; वर्ष-१९; अङ्क-७)*

# धम्मपद-१८२

■ रीना तुलाधर
'परियत्ति सद्धम्म कोविद'

**"पाण्डुपलासो व दानिसि**
**यमपुरिसा पि च तं मुपट्ठिता**
**उय्योगमुखे च तिट्ठसि**
**पाठेय्यम्पि च तेन विज्जति"**

***अर्थ:*** अहिले तिमी पहेँलो सुकेको रुखको पात समान भईसक्यौ । यमदूत तिमीकहाँ आई पुगीसक्यो । विनाश हुने टुप्पोमा तिमी पुगीसक्यौ । तैपनि तिमीसँग बाटो हिँड्न खर्चको व्यवस्था छैन ।

**"सो करोहि दीपमत्तनो**
**खिप्पं वायाम पण्डितो भव**
**निद्धन्तमलो अनङ्गणो**
**दिब्बं अरिय भूमिमे 'हिसि"**

***अर्थ:*** त्यसै कारण तिमीले आफ्नो निम्ति द्वीप वनाउ, उद्योग, परिश्रम गरी छिट्टै पण्डित बन । मल-अकुशल हटाई निक्लेश भएमा मात्र दिव्य आर्यभूमि प्राप्त गर्न सक्छौ ।

**"पनीतवयो च दानिसि**
**सम्पयातोसि यमस्स सन्तिके**
**वासोपि च ते नत्थि अन्तरा**
**पाथेय्यम्पि च ते न विज्जति"**

***अर्थ:*** अब तिम्रो आयु समाप्त भईसक्यो । तिमी यमराजकहाँ पुगी सक्यौ । बाटो बिचमा बास गर्ने ठाउँ पनि तिमीलाई छैन । बाटो खर्च पनि तिमीसँग छैन ।

**"सो करोहि दीपमत्तनो**
**खिप्पं वायाम पण्डितो भव**
**निद्धन्तमलो अनङ्गणो**
**नपुन जातिजरं उपेहिसि"**

***अर्थ:*** त्यसै कारण तिमीले आफ्नो निम्ति द्वीप बनाउ । उद्योग, परिश्रम गरी छिटै पण्डित बन । मल-अकुशल हटाई निक्लेश भएमा मात्र पुन: जन्म हुनु पर्ने र वृद्ध हुनुपर्ने दु:खबाट मुक्त हुनेछौं ।"

***घटना–*** उपरोक्त गाथाहरू भगवान बुद्धले श्रावस्तीमा जेतवन विहारमा बास बस्नु भएको बेला एक गोघाटक (कसाँइ) को पुत्रको कारणमा आज्ञा हुनु भएको थियो ।

श्रावस्तीमा एक गोघाटक (कसाँइ) ले क्रूर पूर्वक एक गोरुलाई मारेको कारण पापको फल त्यहिँनिर भोग्नु पऱ्यो । उनको मुखबाट आफ्नै जिब्रो खसेर मुखबाट रगत बग्यो र ऊ पनि चार खुट्टाले टेक्ने झैं गरेर आफ्नै घरमा कष्टपूर्वक यताउटी हिँडिरह्यो । बाबुचाहिँको यस्तो भयानक दृश्य हेरीरहेका छोरालाई ती गोघाटकका पत्नीले आफनो छोरालाई बचाउन तक्षशीलामा पठाइदिइन् ।

तक्षशिलामा त्यसले सुनुवारको काम सिके । राम्ररी काम जानेपछि उनलाई काम सिकाउने सुनुवारले आफ्नै छोरी उनीसँग विवाह गरी दिए । त्यहाँबाट उनको जीवन साधारण तवरले बित्यो । उनका छोरा छोरीहरू पनि भए । उनका छोराहरू ठूलो भएपछि उनीहरूले पनि त्यही काम सिके । अनि आ-आफ्नो जीवन बिताउन तिनीहरू श्रावस्तीमा गएर बसाँइ सरे । श्रावस्तीमा तिनीहरू भगवान बुद्धका उपासक बने र कुशल पुण्य कार्यहरू पनि गर्दै गए ।

तिनीहरूका पिता सुनुवार जो तक्षशिलामै बसीरहेका थिए त्यसले भने कुनै पनि पुण्य कार्य गरेनन् र त्यतिकैमा ऊ बुढो भएर मरण आवस्था पनि आयो । श्रावस्तीमा बसीरहेका तिनका छोराहरूले 'हाम्रा पिताले कुनै पनि पुण्य कार्य नगरेर नै उहाँको जीवन बित्यो । उहाँलाई यहीँ बोलाउनु पऱ्यो" भनीकन आफ्ना पितालाई श्रावस्तीमै लिएर आए ।

एकदिन तिनीहरूले आफ्ना पिताको नाउँमा पुण्य कार्य गर्नेछु भनीकन भगवान बुद्ध प्रमुख भिक्षु संघलाई भोजन गराउन निमन्त्रणा गरे । भोलिपल्ट भगवान बुद्ध भिक्षु संघसहित भोजनको निम्ति तिनीहरूको घरमा पाल्नु भयो । तिनीहरूले सत्कारपूर्वक भोजन दान गरे । भोजनको कार्य सकिएपछि तिनीहरूले भगवान बुद्ध समक्ष बिन्ति गरे– "भो शास्ता हामीले आजको भोजन हाम्रा पिताको पुण्य कामना गर्दै गरेका हौं । उहाँको लागि अनुमोदना गरीदिनु हुन आग्रह गर्दछौं ।

भगवान बुद्धले तिनीहरूका पितालाई अगाडि बोलाउन लगाएर तिनलाई सम्बोधन गर्दै भन्नु भयो– "उपासक ! तिनी वृद्ध परिपक्व भएर सुकेको पात जस्तै भईसकेका छौ । परलोक जानको निम्ति तिमीसँग कुशल



Downloaded from http://www.dhamma.digital

कर्मरुपी बाटो खर्च पनि छैन । तिमीले आफ्नो प्रतिष्ठा बनाउनतिर ध्यान देउ, पण्डित हुनेतिर लाग, मूर्ख नबन।" यसरी आज्ञा भएर भुक्तानुमोदना गर्दै उपरोक्त पहिलो दुइवटा गाथा भन्नुभयो ।

धर्मदेशनाको अन्तमा उपासक स्रोतापत्ति फलमा प्रतिष्ठित र धर्मदेशना सुनी बसेका त्यहाँका सबैलाई पनि सार्थक भयो ।

भोलिपल्ट पनि छोराचाहिँले उस्तै गरी भोजनको निमन्त्रणा गरे र भोलिपल्ट पनि भोजनको कार्य सत्कार पूर्वक गर्न भ्याएपछि आफ्ना पिताको निम्ति अनुमोदना गर्नको निम्ति भगवान बुद्धसँग आग्रह गरे ।

भगवान बुद्धले त्यस वृद्ध उपासकलाई सम्बोधन गरी उपरोक्त पछिल्लो दुइवटा गाथाहरू आज्ञा हुनु भयो । तथागतको धर्म देशनाबाट त्यहाँ उपस्थित सबै लाभान्वित भए । ■

# शुभाय्-पौ

मैत्रि भावं बिलिबिलि जागु
प्रशिक्षण कला छिगु अति बांलागु
चकंगु नुगःलं जिमित इनाब्यूगु
अमूल्यगु कला जीवनय् मदय्कं मगागु ।
खँस: देथिला:, खँमस: लिपाला:
ज्याजक सयां मगा: थन म्वायुत
खँ मसल धा:सा म्वायुगु हे व्यर्थ
धयागु भावना बिया दिउम्ह जिमित
प्रशिक्षक भाजु नविन चित्रकारयात
यक्को यक्को शुभाय् देछाना च्वना
थ्व संसारय् गुणयायिपिं तसकं कम
अझ गुण लुमंकीपिं भन हे कम
गुण यानादिल छिं त:धंगु जिमित
नवाय् मस:पिन्त नंवाका छिं
न्ह्याक्को शुभाय् ब्यूसां कम हे जक जुई
मुरि मुरि हे शुभाय् दु छित:
बीफुगु केवल शुभाय् हे जक ख:
वनं गबलें गबलें लोमनेय: ।
लुमंसां शुभाय्, लोमंसां शुभाय् छित:
जिपिं सकलं प्रशिक्षार्थीपिनि पाखें
हाकनं छक: यक्को यक्को शुभाय् ।

*न्वचु कला व उद्घोषण तालिमया प्रशिक्षार्थी पुच:*
*(२०६२ भाद्र १ गते बुधवार)*

# बुद्ध अनुयायी

■ अ. सुमेधा वती, बुद्धविहार, धरान

बुद्धिष्ट भनेको बोध भएको व्यक्ति हुन्छ,
मैत्री करुणाले भरिएको चित्त (मन) हुन्छ,
जस्तो छ, त्यसैलाई भाविता गरीरहेको हुन्छ ।,
बोधी ज्ञानले ओतप्रोत भएको स्वभाव हुन्छ ।

न मेरो न तेरो कसैको होइन भन्ने जान्दछ ।
सम्यक कर्ममा बाँच्न जानेको हुन्छ,
उच्च निच भेदभाव त्यागेको हुन्छ
आफू जस्तै सबैलाई थान्दछ ।

दु:ख र सुखको कारण छ, भनी बुझेको हुन्छ,
जन्मनै मरणको निम्ति भनेर जानेको हुन्छ,
मनुष्य जीवन नै निमित्त हो भनी बुझेको हुन्छ,
अनित्य छ यो संसार भनी बोध भएको हुन्छ ।

पाप के हो, धर्म के हो जानेको हुन्छ ।
कर्मको फलभोग्नु नै पर्छ भनि बुझेको हुन्छ,
मरेर लाने सम्पत्ति धर्म कमाउन जानेको हुन्छ,
शील पालना गर्दा मानव जीवन उज्वल छ
भनि जानेको हुन्छ

आर्यअष्टाङ्गिक मार्गमा हिंडिरहेको हुन्छ,
दशपुण्यक्रिया पूर्ण गर्न अघिसरिरहेको हुन्छ,
बोध भएर बोध गराउन सक्ने व्यक्ति हुन्छ,
मर्नुपर्छ भन्ने बारम्बार होश आइरहेको हुन्छ ।

# बुद्ध साधारण व्यक्ति हुनुहुन्न

■ प्रेम लक्ष्मी तुलाधर

अष्टमिको दिन बिहान घरको काम सिध्याएर विहार मा जानको लागि तत्परका साथ घरबाट बाहिर निस्कें । बिहानीको शीतलता जाडो पनि होइन गर्मी पनि होइन । रमाइलो वातावरणमा बिस्तारै पाईला अगाडि बढाएँ ।

मन एकदम रमाईलो र शान्त थियो किनभने आज कुन विषयमा धर्म देशना सुन्न पाईने होला भन्ने मनमा लागिरहेको थियो ।

धर्मकीर्ति विहारमा पुगें र दान दिनको लागि उपासक उपासिकाहरू लाईनमा बसिरहेको देखेर म पनि लाइनमा बसें ।

दान दिने कार्य सिध्याएर खालि ठाउँमा बस्न पुगें । यो कार्यक्रम धर्मकीर्ति विहारको धर्महलमा बुद्ध पूजा गर्ने ठाउँमा भएको थियो ।

बुद्ध पूजा गर्ने बेला भयो र पूजनिय धम्मवती गुरुमां, दो गुणवती गुरुमां, रत्नमञ्जरी गुरुमां लगायत अन्य सबै गुरुमांहरू आ-आफ्नो आशनमा बस्नु भयो ।

शान्ति, आनन्द र एकाग्रह चित्तले बुद्ध पूजाको शुभारम्भ भयो । सबै जना आँखा चिम्लिएर पंचशील, अष्टशील, बुद्ध, धर्म, संघको गुणस्मरण गर्नुका साथै त्रिरत्न शरण, दान...धर्म र जयनमोको श्लोक सिध्याएर आँखा खोल्दा अगाडि २ जना भन्तेहरू बस्नु भएको देखें । भन्तेहरू कुन बेला आउनु भयो पत्तै भएन । पछि पो थाहा पाएँ एक जना भन्ते वर्माबाट दो गुणवती गुरुमांसंग आउनु भएको कल्याण मित्र भन्ते भनेर पूज्य धम्मवती गुरुमांले परिचय दिनु भयो ।

धर्मदेशनाको सन्दर्भमा उहाँले भन्नुभयो भगवान बुद्ध साधारण व्यक्ति हुनुहुन्न । धेरै मेहेनत गरेर सागर समान पूण्यको भण्डार बोकेर दशपारमिता, दशउपपार मिता, दशपरमत्थपारमिता र सम्पूर्ण ज्ञानले युक्त हुनुभएको दर्शन गर्न लायक शान्तिका प्रवर्तक भगवान बुद्ध हुनुहुन्छ ।

हामीले पनि उहाँले जस्तै अनित्य दु:ख अनात्मालाई बुझेर जीवनको मुख्य सार ज्ञान बुझेर राम्रो काम गरेर जानुपर्छ । बुद्धले प्राप्त गर्नु भएको ज्ञानलाई राम्ररी बुझेर जीवनको मुख्य उद्देश्यलाई थाहापाएर अगाडि बढ्नु हाम्रो लक्ष्य हो । धर्मदेशना अनुसार शरीर भनेको नाम र रूपको एक समुह हो । नाम र रूपको समूह यस शरीरमा मुख्य भूमिका खेल्ने हाम्रो तत्त्व मन हो । दान, शील, कुशल कर्मले गरेको काम शरीर मरेर गए पनि पूण्य धर्म रहिरहन्छ । बुद्धको ज्ञान द्वारा राम्रो संस्कार उत्पन्न हुन्छ । त्यहि सस्कार द्वारा निर्वाण सम्म जाने बाटो खुल्दछ ।

मनलाई एकचित्त गरेर राम्रो ठाउँमा राख्न सक्यो भने हाम्रो बानी, व्यहोरा, आचरण राम्रो भएर जान्छ । त्यहि राम्रो आचरणले अरूलाई खुसी पार्न सकिन्छ ।

बुद्ध धर्म भनेको हरेक प्राणीहरूलाई चाहिने मानविय गुण हो । त्यहि गुण अनुसार हामीहरू चल्न सक्यो भने मात्र बुद्धको साँचिकै अनुयायि र बुद्ध धर्ममा टेवा दिने व्यक्ति थहरिन्छ ।

यस धर्मदेशनामा मैले नौलो कुरा के थाहा पाएँ भने थेरवाद भनेको बुद्धको परिनिर्वाण पछि भिक्षुसंघ बिचमा गायब नभईकन निरन्तर रूपमा भिक्षुत्व जीवन, बुद्धको शासन परम्परा चलिआएको हुनाले नै थेरवाद भनिएको रहेछ ।

आफूले गरेको पूण्य, पाप, राम्रो नराम्रो सबै आफुलाई नै हो त्यसको फल पनि आफैलाई नै हो भनेर थाहा पाईयो ।

मान्छे ४ प्रकारका छन्–

१. आफू र अरुलाई राम्रो गर्ने
२. अर्कालाई मात्र राम्रो गर्ने
३. आफूलाई मात्र राम्रो गर्ने
४. आफूलाई पनि अरुलाई पनि राम्रो नगर्ने

४ किसिमको मान्छेमा आफू र अरुलाई पनि राम्रो गर्नेलाई उच्चस्थानमा राखिएको छ भने आफू पनि नराम्रो अरुलाई पनि नराम्रो गर्नेलाई तल्लो स्थानमा राखिएको छ ।

त्यस्तै ४ किसिमको मान्छेहरूमा ४ गुणहरू हुन्छन्–

१. राम्रो २. अति राम्रो ३. नराम्रो ४. अति नराम्रो ।

राम्रो गुण भएको मान्छे आफु पनि राम्रो हुन्छ अरुलाई पनि राम्रो बाटोमा ल्याउने प्रयास गर्दछ । त्यस्ता व्यक्तिलाई देवता सरहको स्थानमा राखिन्छ । जस्तै अनाथपिण्डक महाजन र आफ्नै छोरा । अनाथपिण्डक महाजनका छोरा भनेको कुरा नमान्ने, अत्तेरी थियो । पछि महाजनले पैसाको लोभ देखाएर बुद्धको उपदेश सुन्न पठाउनु भयो । भगवान बुद्धको उपदेश सुनेर पछि ज्ञानी भयो ।

नराम्रो अति नराम्रो गुण भएको मानिसले आफू पनि नराम्रो काम गर्छ र अरुलाई पनि नराम्रो सल्लाह दिनछ । त्यस्तो मानिसलाई दानवको स्थानमा राखेको



Downloaded from http://www.dhamma.digital

हुन्छ । जस्तै देवदत्त र अजात शत्रु । अजातशत्रुले देवदत्तको सल्लाह लिएर आफ्नै बुबा बिम्बिसार महाराजालाई मारि दियो ।

यसरी भन्ते गुरुमांहरूबाट धर्मदेशना सुनेर मनमा शीतलता छाउनुको साथै नयाँ ज्ञानहरू उत्पन्न हुन्छ । त्यसैले हामीहरूले विहारमा गएर धर्मदेशना सुन्नु अति आवश्यक छ । शरीर सफा राख्न नुहाउनु पर्‍यो । बलियो हुन समय अनुसार खानु पर्‍यो आदि, तर चित्त सफा गर्न सतिपट्ठान ध्यान जस्तै उठ्न, हिंड्न, सुत्नु, बस्नु आदि हरेक क्षणमा पाइला पाइलामा होशियारी अपनाई ध्यान भावना गर्नु पर्छ ।

वर्माबाट पाल्नु भएका कल्याण मित्र भन्तेले भन्नु भएको धर्मदेशना पूज्यनिय भिक्षुणी धम्मवती गुरुमांले अनुवाद गर्नु भएको थियो ।

घरमा मात्र बसिराखेको भए यस्तो महत्त्वपूर्ण ज्ञान सुन्ने मौका पाउँने थिएन होला । तर यसरी विहारमा गएर बुद्धका ज्ञान गुणका कुरा सुन्ने मौका पाइएकोले मेरो मन हर्षले विभोर भयो ।

बुद्ध धर्म भनेको बनावती धर्म होइन । भित्री हृदय देखि बुझेर चित्त परिशुद्ध गर्नुपर्ने ज्ञान हो । त्यहि बुद्ध, धर्म, संघलाई शीरोपर गरि हामीसबैले आ-आफ्नो जीवन सफल पार्नसकौं भन्ने कामना गर्दछु । ■

धर्म प्रचार — ★ समाचार ★

## "परियत्ति धम्म कप २५४९"
## बौद्ध हाजिर जवाफ रनिङ शील्ड प्रतियोगिता

२०६२ आश्विन १८-२२ सम्म
स्थान- परोपकार आदर्श उच्च मा.वि. भिमसेनस्थान ।

बुद्ध शासनिक क्षेत्रमा आजीवन समर्पित श्रद्धेय संघ उपनायक भिक्षु बुद्धघोष महास्थविरको ८५ औं शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा नेपाल अधिराज्यव्यापी बौद्ध परियत्ति शिक्षाका केन्द्रहरू बिच "परियत्ति धम्म कप" बौद्ध हाजिर जवाफ रनिङ शील्ड प्रतियोगिता सम्पन्न भएको छ । स्मरणिय छ, उहाँ अखिल नेपाल भिक्षु महासंघ द्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाका संस्थापक हुनुहुन्छ ।

सुखी होतु नेपाल, बुद्ध विहार, भृकुटी मण्डपबाट आयोजित यस प्रतियोगितामा ३० वटा परियत्ति केन्द्रहरूले भाग लिएका थिए ।

# जि धैम्ह सु ?

■ लक्ष्मी हिरा तुलाधर
माउण्ट ग्रीन इङ्लिस स्कूल

जि जित: तसकं यो
जि हे जिगु जिन्दगी ख:
संसारिक फुक्क वस्तु स्वया
जित जि हे त:धं ताया

तर अपशोच जिं थ्वहे ताया
जि गन दु जिं हे मस्यू
माला सोसाँ खंके मफु
थिया सोसाँ थुइके मफु

जि जिगु शरीरे हे दु
भुनू भुनू हाला हायका च्वनी
लिफ: सोसाँ खंके मफु
जि धैम्ह शब्द जक जिं ता:

माला सोसाँ जिगु शरीरे
अङ्ग अङ्ग जक जिं खना
हरेक अङ्गया थ: थगु नामं
च्वंच्वन शरीरे तर जि व मखु

हाला मा:सां शब्द हे जक
मिखां सोसाँ दृश्य हे जक
स्पर्श सोसाँ अनुभव जक
गन दु जि गुथाय् दु जि

शील समाधि स्वभाव धर्म
पुखूया दथ्वी लाल क्या
निर्मल स्थिर मनया दुने
जि जि खना व सून्य ख्यले

# क्षान्ति र मैत्री – २

*लेखक:* **भिक्षु अश्वघोष**, *अनुवादक:* **वीर्यवती**

ज्यापुले भने– "हँ ! के भन्नु भएको त तपाईंले ? मेरो घाँटी थिच्न मन लाग्यो कि क्याहो तपाईंलाई ? कि गर्दन नै काट्न मन लाग्यो ? ल जे गर्न मन लाग्छ गर्नु" भन्दै टाउको थापि दियो। कृषकको यस्तो कुरा सुनी त्यस फुर्तिलो व्यक्तिको हात विस्तारै खुकुलो बन्दै गएछ। पछि केहि पनि नबोलिकन लुरुक्क परेर स्वयम्भूतर्फ पाईला सारे। यो घटना देखेपछि मलाई लाग्यो सहनु पर्छ भनेको कुरो त साँच्चिकै ठीक कुरो पो रहेछ।

त्यस फुर्तिलो व्यक्तिले ज्यापूको गर्दन समातेको बेला त्यस ज्यापूले सहन नसकेको भए त्यहाँ दुवै जनाको टाउको फोडाफोड हुन्थ्यो होला। एक जनाले सहिदिएको हुनाले झगडा बढ्न पाएन।

एकदिनको कुरो हो भारतमा बौद्ध तीर्थ यात्राको लागि घुम्न गएको थिएँ। त्यसबेला बाटोमा बस ड्राइभरले अगाडि गइरहेको बैलगाडी (गोरुले तान्ने गाडा) चालकलाई "ए साले जल्दी हट्जा" भन्दै नराम्रो वचन प्रयोग गरे।

अनि त के चाहियो र वैलगाडी वाला सरासर आई बस ड्राइभरको घाँटी समाती झगडा गर्न थाल्यो। अनि बस चालक हाँस्दै ख्याल गर्दै भनेको पनि साँच्चिकै भयो तँलाई होइन ? जाऊ खुरुक्क भन्दै सम्झाउन पुग्यो। यति भनेपछि झगडा हट्यो।

हुनत सहने भनेको पनि धेरै प्रकारले छन्। ठाउँ हेरी सहनु पर्ने पनि हुन्छ। सहने कारणहरू पनि थुप्रै छन्। कसैले आफूसंग बुद्धि नभएको कारणले सहने गर्छ। कसैले आफू निर्बल भएकोले सहने गर्छ। कसैले आफ्नो लालच र राग इच्छा पूर्ति गर्नको लागि सहने गर्छ। कसैले छलकपटको कारणले सहिरहन्छ। कसैले धन सम्पत्ति प्राप्त गर्नको लागि लोभ चित्तको कारणले लोभी भई सहि रहन्छ। गाईको दूध-दुहुने व्यक्तिले गाईले लात्ताले हाने पनि सहेरै दूध दुहिरहन्छ। यसरी आफ्नो स्वार्थ पूर्ति गर्नको लागि सहने बानीलाई साँच्चिकै ठूलो र पवित्र चित्तको सहन शक्ति भन्न सकिंदैन।

करुणा र ज्ञान दृष्टिले हेरेर अर्काको अज्ञानतालाई बुझी दया राखी सहने अर्थात् मैत्री चित्त वा अद्वेष चित्तले सहने कार्यलाई क्षान्ति भनिन्छ। यो एक महापुरुष गुण वा बोधिसत्व गुण हो।

सहने वा क्षान्ति भनेको ठूलो गुण हो भनी बुद्ध आदि महापुरुषहरूले प्रशंसा गरिएको धर्म हो। यसको मतलब, जुनसुकै अवस्थामा पनि, अर्थात् आफूलाई अन्याय अत्याचार हुँदा पनि सहनु नै पर्दछ भनेको चाहिँ होइन। आफूलाई परेको दु:ख कष्टबाट मुक्त हुनको लागि उत्साह र मेहनत नगरी सहनुपर्छ भनेको भन्दै हात बाँधेर बसेको खण्डमा यो ठीक ठाउँमा प्रयोग गरिएको क्षान्ति वा सहनशीलता हुन सक्दैन। भाग्यलाई दोष नदिई आफ्नो जीवनमा पर्न आएको आपदलाई निर्मुल पार्ने कोशिस गर्न सक्नुपर्छ। सहनु पर्छ भन्दैमा अल्छी बनी त्यसै बसेको भए त्यसले राम्रो नतिजा दिँदैन।

### सहनशीलताबाट सन्तोष प्राप्त हुन्छ

अब सहन सकेको कारणले मनलाई सन्तोष र आनन्द प्राप्त हुन्छ भन्ने विषयमा केही कुरा उल्लेख गर्न चाहन्छु। पहिला पनि उल्लेख गरिसकें, सहन सक्ने गुण-धर्मको विरोधी क्रोध हो भनेर। समाजमा बस्दा विभिन्न किसिमका मानिसहरूसंग संपर्क राखी काम गर्नुपर्ने हुन्छ। अझ विद्वान वर्गहरू संग भन्दा पनि केही नजानेको र अबुझ मूर्ख व्यक्तिहरूसंग बढि जीवन बिताउनु पर्ने अवस्था आइपर्छ। त्यस्ता व्यक्तिहरूसंग बढि जीवन बिताउनु पर्ने अवस्था आइपर्छ। त्यस्ता व्यक्तिहरूसंग काम गर्नु पर्दा अनेक प्रकारका नचाहिंदा कुराहरू सुन्नुपर्ने अवस्था पनि आइपर्छ। मनमा पीर लिइरहनु पर्ने हुन्छ। ढंग नपुऱ्याइकन, सिंग न पुच्छर हुने गरी काम गरिदिएको खण्डमा मनमा असन्तोष गरी बस्नुपर्ने हुन्छ। धेरै जसो सत्य भन्दा पनि असत्य कुरो बढि सुन्नुपर्ने हुन्छ। त्यस्तो समयमा मन बलियो पार्न सकेन भने, सहन सक्ने क्षमता भइदिएन भने मनमा ताप र पीर भइरहनेछ। बसमा बसी कतै टाढाको यात्रा गर्ने बेला रक्सी र चुरोट खाने व्यक्तिसंग पऱ्यो भने, धेरै कुरा गर्नुपर्ने गफाडी व्यक्ति संगै परेको बेला आफूसंग सहनशीलता भइदिएन भने मन खिन्न हुनेछ। त्यस्तो अवस्थामा सहन सक्ने क्षमता भइदिएमा मात्र मनमा सन्तोष, आनन्द र सुखले ठाउँ लिनेछ। मानिसको स्वभाव जानी जसरी कराए पनि नसुने जस्तो बहाना गरी सहिरहेको खण्डमा झगडा हुँदैन। ठूलठूलो स्वरले कराउनु पर्ने हुँदैन।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

*"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी द्वारा आयोजित लेखन प्रतिभा प्रतियोगितामा लिखित"*

# धर्म प्रचार र बहुजन हिताय

■ रामकुमारी मानन्धर

भगवान बुद्धको समयमा एक महिलाले आफ्नो मृतक बच्चा च्यापेर यता उता भौंतारिरहेकी थिईन् । आफ्नो बच्चाको मायाले बच्चा मर्‍यो भन्न सकेन । बाटोमा हिंड्ने मानिसहरूले बच्चा मरिसक्यो भन्दा पनि उनले विश्वास नगरी सुतिरहेछ भनिन् । बच्चाको मायाले बहुलाई भएकी उनी भगवान बुद्धको ठाउँमा पुगिन् । बुद्धको अगाडि बच्चालाई राखी बेस्सरी रोइन र उनको बच्चा बचाइ दिन अनुरोध गरिन् । बुद्धले उनलाई एउटा काम अऱ्हाउनु भयो "जुन घरमा कहिल्यै कुनै व्यक्ति मरेको छैन, त्यस घरबाट एउटा सामान लिएर आऊ" । उनी दिनभरी घर घरमा गएर सोध्दै हिंड्नि । तर कुनै घरमा पनि कुनै पनि व्यक्ति नमरेको फेला परेन । आखिर उनी खाली हातले भगवान बुद्ध भएको ठाउँमा गइन् र आफू हरेस खाएको कुरा बताइन् । त्यति बेला उसको होश आइसकेको थियो अनि बुद्धले संसार अनित्य छ, जन्मेपछि एकदिन मर्नु पर्छ, ढिलो र चाँडो मात्र हो भनी भन्नुभयो र पछि उनी बुद्धको शरणमा गइन् ।

धर्म भनेको मानव समाजमा शान्तिको स्थापनाको लागि हो । जबसम्म मानिसहरू शान्त र ज्ञानी हुँदैन, तबसम्म समाजमा शान्ति हुँदैन । धर्मले मानिसको गुण र सद्व्यवहार निर्माण गर्दछ । यसले खराब व्यक्तिलाई असल बनाई दिन्छ । धर्मको मुख्य उद्देश्य नै खराब व्यक्तिलाई असल बनाउनु हो ।

हामीले बुद्धको गुण, आदर्श र नैतिकताको वर्णन मूर्ति पूजा गरेर बुद्ध धर्मको प्रचार गर्नु भन्दा उहाँको गुण, आदर्श र नैतिक शिक्षा आफूले ग्रहण गरी आफ्नो चरित्र असल बनाउन सक्नु पर्छ । नभए यो धर्म प्रचार भक्तिमार्गको धर्म हुन जान्छ । धर्मकीर्ति अध्ययन गोष्ठीको एक शनीवारीय कक्षामा श्रद्धेय भिक्षु अश्वघोष महास्थवीर ले "भक्तिमार्ग र ज्ञानमार्ग" विषयमा प्रवचनको क्रममा भन्नुभयो "बुद्ध धर्म मुख्यतः ज्ञानमार्ग हो भक्तिमार्ग होइन । तर आजभोली धेरै जसो मानिसहरू ज्ञानमार्गमा भन्दा भक्तिमार्गमा लागेर देखावटी धर्मलाई बढी महत्व दिन थालेका देखिन्छन् । बुद्ध धर्म प्रचारको लागि विहारहरूको निर्माण, बुद्धमूर्तिको निर्माण, बुद्ध पुजा, महापरित्राण पाठ, पुस्तक प्रकाशन, प्रवचन, पत्रिका प्रकाशन, स्वास्थ्य सेवा आदि कार्यहरू सञ्चालन भइरहेका छन् । जबसम्म आफ्नो चरित्र राम्रो गर्न सकिन्दैन, तबसम्म अरूको हित गर्न सकिन्दैन ।

अश्वघोष भन्तेको भनाई अनुसार उहाँ प्रव्रजित हुनु भएको ४० वर्षसम्म धर्म भनेको के हो र बहुजन हिताय भनेको के हो थाहा पाउनु भएन । विपश्यना ध्यान भावनापछि धर्म भनेको के हो बुझ्नु भयो । गोयन्काज्यूको प्रवचनमा चतुआर्य सत्य बुझ्न धेरै कोशिश गर्नु भयो । ध्यान भावना धेरै गर्नु भयो । आखिर आफूमा भएको अहंकार र कुसंस्कारबाट ज्ञान प्राप्त नभएको कुरालाई आफैले महशूस गर्नुभयो ।

बोधिसत्वले दुष्कर चर्या गर्दा शरीरलाई अति दुःख दिई ध्यानमा एकचित भई संसारको दुःखबाट मुक्त हुन खोज्नु भयो । तर त्यसबाट ज्ञान बोध नभएकोले उहाँले मध्यम मार्ग अपनाउनु भयो । पुरानो संस्कारलाई छोडेर नयाँ संस्कार अपनाउनु भयो । त्यसपछि मात्र ज्ञान बोध भयो, बुद्ध हुनु भयो । आफूले ज्ञान बोध गरिसके पछि उहाँले पंचवर्गीय तपस्वीहरूलाई धर्मचक्रसूत्र देशना गर्नुभयो । त्यसपछि अनत्तलक्खण सूत्र देशना गर्नुभएपछि एकपछि अर्को तपस्वीहरूले पनि धर्म बोध गर्नुभयो । यी भिक्षुहरू सबै संसारीक बन्धनबाट मुक्त भए । यसरी अज्ञानीहरूको हित गर्नुपर्छ भनी सबभन्दा पहिले बहुजन हित हुने कुरा बताउनु भयो । कुनै प्रकारका पापहरू नगर्नु, पूण्य कर्महरू संचय गर्नु, आफ्नो चित्तलाई शुद्ध पार्नु, बहुजन हित गर्नु यी नै बुद्धका उपदेश हुन् ।

शान्तिका प्रवर्तक भगवान बुद्धले भन्नुभयो कि वैर भावले वैर कहिल्यै अन्त्य हुँदैन, अवैरभावले मात्र वैर अन्त्य हुन्छ । यो परम्परादेखि चलिआएको हो आज यो अति नै सान्दर्भिक छ र मनन गर्न आवश्यक छ । किनभने आज हाम्रो नेपालको स्थिति द्वन्दात्मक छ । एक आपसमा तंछाड मछाड छ । धनी र गरीव, शक्तिवान र शक्तिहीन, ठूला जाति र साना जाति, राजनीतिज्ञहरू बीच झगडा, द्वन्द र संघर्षले देशमा अशान्ति छ । अशान्तिको मूल जरा जबसम्म थाहा हुँदैन, देशमा तबसम्म अशान्ति र हिंसाले ठाउँ लिइरहेको हुन्छ । त्यसैले हामीले आफ्नो चरित्र निर्माण गर्न आफना खराब आचरणहरू हटाउँदै लान सक्नु पर्छ । आफूमा गुणात्मक सुधार ल्याई चित्त परिशुद्ध गर्दै जानु अति आवश्यक छ । बुद्ध धर्ममा उल्लेखित राम्रा शिक्षाहरू र ज्ञानहरूलाई मनन र पालन गर्नु अति आवश्यक छ । यो मानवलाई विनासको

खाडलबाट उठाएर विकासको बाटोमा डोऱ्याउने उत्तम मार्ग हो, बहुजन हिताय हो ।

भगवान बुद्धले आफ्नो धर्म देशनामा भन्नुभएको छ, असल मनुष्य योनीमा जन्म लिनु दुर्लभ छ । किनभने संसारमा पाइने प्राणीहरूमा मानिस सर्वश्रेष्ठ प्राणी हो । उसमा विवेक छ । विवेकमा ठीक बेठीक छुट्याउने शक्ति छ । त्यहि विवेकले आफूलाई उच्च स्थानमा राखी, चित्त शुद्ध गरी अरुलाई पनि माथि पुऱ्याउन सक्दछ । आफ्नो हितको साथै अरुको पनि हित गर्न सकिन्छ । आफूमा रहेका नराम्रा संस्कार वा बानी व्यवहारहरू हटाई चित्त शुद्ध पार्न सकेमा मात्र बुद्ध धर्म प्रचार गरे जस्तै बहुजन हिताय लक्ष सफल पार्न सकिने हुन्छ । ■

## २५६० औं शस्त्र परित्याग दिवस

*०६२।६।१८ गते देखि २०६२।६।२५ सम्म*

***प्रवचनको कार्यक्रम***

*आयोजक-* सिफल पिपली थेरवाद, बुद्ध विहार ।

प्रवचन हुने समय विहान ७ बजेबाट विहान ९ बजेसम्म

| | | |
|---|---|---|
| १८ गते | **उद्घाटन (त्याग कथा)** | भिक्षु अश्वघोष महास्थविरबाट |
| १९ गते | **शील कथा** | भिक्षु ज्ञानपूर्णिक महास्थविर |
| २० गते | **नैष्कम्य कथा** | भिक्षु आनन्द |
| २१ गते | **स्वर्ग कथा** | भिक्षु आनन्द |
| २२ गते | **काम विषयको विपाक कथा** | भिक्षु संघरक्षित |
| २३ गते | **मैत्री कथा** | गुरुमां विमलज्ञाणी |
| २४ गते | **कर्तव्य कथा** | गुरुमां अग्गज्ञाणी |
| २५ गते | **बौद्ध शिष्टाचार (आचार विचार) कथा** | गुरुमां कुसुम |
| | समापन समारोह | भिक्षु ज्ञानपूर्णिक महास्थविर |

## मनोक्रान्ति गर्नु छ विश्वमा शान्ति ल्याउनु छ

■ **राजीव वज्राचार्य**, *ल.पु. भिन्छेबहाल*

*देशमा मनोक्रान्ति ल्याउनु छ देशको विकाश गर्नुछ ।*
*हाम्रो नेपाल भूमिलाई विश्वभर चिनाउनु छ ।*
*विश्वभर चिनाउनु छ ।*
*विश्वभरैका शहिदहरूको सपना साकार पार्नु छ ।*
*देशको विकास गर्नु छ, देशमा शान्ति ल्याउनु छ ।*
*बुद्ध यहाँ जन्मेर शान्ति फैलाई गए ।*
*आज फेरि आएर हामीले अशान्ति मच्चाए ।*
*देशमा मनोक्रान्ति ल्याउन प्रत्येक नागरिकले*
*अब सोच्ने बेला आएको छ ।*
*देशमा शान्ति ल्याउनु छ देशलाई शान्ति पुऱ्याउनु छ ।*
*हिंसा हत्या त्यागेर अब आऊ हातेमालो गरौं ।*
*हामी सबै मिलेर एउटा प्रण गरौं ।*
*शान्ति क्षेत्र नेपाललाई शान्तिक्षेत्र नै बनाऔं ।*
*देशमा मनोक्रान्ति ल्याउनु छ देशको विकास गर्नु छ ।*
*हाम्रो नेपाल भूमिलाई विश्वभर चिनाउनु छ ।*
*आफ्नो स्वार्थ त्यागेर देश बिकासमा लाग्नु छ ।*
*विश्वलाई बदल्नु छ शूरु आफैबाट गर्नु छ ।*
*मनोक्रान्ति गर्नु छ शुरु आफैबाट गर्नु छ ।*
*विश्वभर शान्ति नै शान्ति ल्याउनु छ ।*
*संसारलाई बदल्नु छ आफैबाट शुरु गर्नु छ ।*

## भय, ज्वाला, आतंक

■ **शान्तवीर शाक्य**, *ल.पु. न:बहाल*

हर बखत आगोको ज्वाला दन्किरहेको छ
के हाँस्छौ, के आनन्द गर्छौ ?
निस्पट्ट अन्धकारले ढाकिएका छौं
उज्यालो कहिं हराइ सकेको छ

शान्तिको नाममा भ्रान्ति फैलिरहेको छ
सन्तोषको श्वास कसरी फेर्ने हो
जहाँ तहीं बारुदका गोलाहरू फुटिरहेमा
सुरक्षाको घेरामा कसरी रहन सक्छौं र !

भय र आतंकको बातावरणमा हुर्किरहेका हामीले
मनलाई स्थिरताको भू-मण्डलमा कसरी राख्ने हो
सबै आ-आफ्नो स्वार्थ सिद्ध गर्नमा लागिरहेमा
चेतनाको बिन्दु कसरी पलाउन सक्छ र !

यहाँ मानवता होइन दानवताको राज छ
खुकुरीमा रगत टाँस्नु सामान्य भइ सकेछ
यो देश अब ब्यवस्थित होइन अन्यौल ग्रष्ट बन्दैछ
धूलो र धूवाँको बाक्लो कुहिरोले ढाकेर जादैछ

कोहि खिइदैछ, कोहि जलिरहेछ हरदम यहाँ
अनि कसैको कुदृष्टिको, कु-शासनको भयले
दौडिरहेछ सबै सुरक्षित गन्तव्यको खोजिमा
आफ्नो आफ्नो अस्तित्व जोगाइ राख्न यहाँ



Downloaded from http://www.dhamma.digital

# दु:खको दर्शनले मुक्ति पथतिर लगिदिन्छ

■ नरेन्द्रनाथ भट्टराई

दु:खलाई राम्ररी जसले देख्दछ त्यो व्यक्ति मुक्ति पथतिर अग्रसर हुन्छ । मानिस दु:खसँग यति अभ्यस्त भइसकेका छन् कि तिनलाई अरूको दु:ख त के आफैलाई क्षण-क्षण परिरहेका दु:ख पनि देख्दैनन् ।

एक पटक राज्यको एक ठाउँमा युवा सम्मेलनको आयोजना भएको थियो । त्यसको समुद्घाटन युवराज सिद्धार्थबाट हुने भयो । दरवारबाट आधा बाटो पार गरि सकेका थिए अचानक सिद्धार्थको नजर एक ठाउँमा अड्कियो । एकजना ७०/८० वर्षका कुप्रा बुढा युवराजको दर्शन गर्न भनी लट्ठी टेकेर आइरहेका थिए । सिद्धार्थले सारथीलाई सोधिहाले, "त्यो मानिस किन त्यस्तो भएको ?" उमेर धेरै भएपछि सबै मानिस बुढा हुन्छन् भनी सारथीले भने । "के म पनि बुढो हुन्छु !" भनी सिद्धार्थले सोद्धा मानिस उमेर धेरै भएपछि सबै बुढो हुनुपर्दछ भनी सारथीले भने । "उसो भए रथ फर्काउ म पनि बुढो भइसकें युवा सम्मेलनको उद्घाटन गर्न सक्तिन !" भनी सिद्धार्थले रथ दरवारतिर मोडन लगाए । युवराज फर्कंदै थिए बाटैमा एउटा रोगी मानिसलाई वैद्य कहाँ लैजाँदै गरेको देखेर विस्मय मान्दै, "क्या हो ! त्यो मानिसलाई के भएको र किन कराइरहेको ?" भनी सारथीलाई सोधे । बिरामी हुँदा सबै मानिसलाई त्यस्तै हुन्छ भनी सारथीले भने । तब त सिद्धार्थ झन् जीवनप्रति नै निराश हुँदै फर्किंदै थिए । परबाट "राम नाम सत्य हो" भन्दै एउटा मानिसलाई बाँसमा बाधेर बोकेर धेरै मानिस पछि पछि रूँदै गएको देखेर सारथीलाई सोधे । सबै मानिस यसै गरी एक दिन मर्दछन् र यसै गरी बोकेर श्मसानमा लगेर पोलेर खरानी पारिदिन्छन् भने । सिद्धार्थ गौतम समवेदनको शिखरमा पुगे किनकि त्यसबेलासम्म राजकुमारले त्यस्तो दु:खमयी बुढचाई, रोग, मृत्यु देखेका नै थिएनन् !

दरवारको ढोकामा पुग्दा एउटा सन्यासी उभिरहेको देखेर को हो यो ? भनी सोधे । मनुष्य जीवनको दु:ख देखेर यसबाट मुक्ति पाउन सन्यासी बनेर हिंडेको मानिस हो भनी सारथीले भने । त्यसैबेला गौतमले सोचे "यही ठीक हो ।" त्यसै दिन राती सिद्धार्थले दरवार, पत्नी, छोरा र राज्यसमेत छोडेर सीमा पार गरेर सन्यस्त हुँदै मुक्तिको पथमा लागे । ६ वर्षपछि उनी बुद्ध भए ।

बृद्धावस्था, रोग तथा मृत्युको अवस्था देख्दा सिद्धार्थलाई ती दु:खका दृश्य मात्रले पनि बाणले घोचेसरी भयो । दृश्यबाट नै मुक्त हुने उपायमा उनी लागे । यसरी दु:खलाई राम्ररी देखेकाले राजपुत्र भएर पनि सिद्धार्थ मुक्त भएर बुद्ध भए । ■



*१. समुद्र भेटेपछि जसरी नदी शान्त हुन्छ किनकि नदीनै समुद्र भैहाल्दछ यसैगरी मुक्तिमार्ग भेटेपछि जीवन पनि शान्तहुन्छ किनकि जीवात्मा बनिहाल्दछ ।*

*२. भय बाहिरबाट हुने होइन भय आफैबाट उब्जन्छ । आफूले आफूलाई नजान्नेलाई भयले जकड्दछ, आफूलाई जान्योकि भय गायब हुन्छ ।*

*३. आफ्नो खोजी गर्नु नै ईश्वरको खोजी गर्नु हो, आफूलाई जान्नुनै ईश्वरको जान्नु हो, तसर्थ ईश्वरलाई खोज्न वा जान्नतिर नअलमलिई आफूलाई चिन्नतिर जो लाग्दछ त्यसैले चाँडो मुक्ति पाउँछ ।*

*साभार : परमात्माको दर्शन (चिन्तनद्वारा)*

# सद्धर्म के हो ? - १०

■ भीमराव रामजी आंबेडकर
■ अनु. ललितरत्न शाक्य

## (घ) धर्मले सद्धर्महुन सारा सामाजिक भेदभावहरू मेटाउनु पर्छ

### १. धर्मले सद्धर्म हुन मानिस-मानिस बीचको सारा बाधाहरू (पर्खाल) समाप्त पार्नुपर्छ

१. 'आदर्श-समाज भनेको के हो ?' ब्राह्मणहरूका भनाइ अनुसार वेदहरूले आदर्श समाजको परिभाषा दिएका छन् किनभने वेद स्वत: प्रमाण हुन् । यसकारण मानिसको आदर्श समाज त्यही हो जुन वेदहरूमा उल्लिखित छन् ।

२. वेदहरूमा विधान गरिएको आदर्श समाजलाई 'चार्तुवर्ण्य भनिन्छ ।

३. वेदहरूका अनुसार यस किसिमको समाजमा तीन कुराहरू अवश्य हुनुपर्दछ ।

४. यसका चार वर्गहरू हुनुपर्दछ– ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र ।

५. यी वर्गहरूको आपसी सम्बन्ध क्रमिक असमानताको सिद्धान्तमा आश्रित हुनुपर्दछ ।
अर्को शब्दमा- यी सबै वर्गहरू बराबर हुन सक्तैनन् । तिनीहरू क्रमश: उच्च र नीच हुनुपर्दछ- सामाजिक अवस्था वा दर्जामा, अथवा अधिकार र सुविधाहरूको कुरामा ।

६. सबैभन्दा माथि ब्राह्मण: त्यसपछि क्षत्रिय तर वैश्य भन्दा माथि, त्यसपछि वैश्य, तर शूद्रहरूभन्दा माथि । सबै भन्दा तल शूद्रहरूलाई राखिएको छ ।

७. चातुर्वर्ण्यसँग सम्बन्ध राख्ने तेस्रो महत्वपूर्ण कुरा थियो, हरेक वर्गले आ-आफ्नो पेशामा लागिरहनु पर्ने । ब्राह्मणहरूको काम पढ्नु, पढाउनु र धार्मिक संस्कार गर्नु, क्षत्रियको काम शस्त्र धारण गर्नु र युद्धगर्नु, वैश्यको काम व्यापार तथा अन्य कारोबार गर्नु तर शूद्रहरूको काम भने तीनवटै उच्च वर्गहरूका दास भएर तिनीहरूको सेवा गर्नु थियो ।

८. एउटा वर्गले अर्को वर्गको पेशा गर्न सक्तैनथ्यो र वर्गीय पेशाको सिमाना पनि नाघ्न सक्तैनथ्यो ।

९. यस आदर्श समाजको सिद्धान्तलाई ब्राह्मणहरूले उच्च दर्जा दिएका थिए र यसको प्रचार पनि खूबै गर्दथे ।

१०. यस चातुर्वर्ण्य सिद्धान्तको 'आत्मा' नै असमानता हो भन्ने कुरा स्पष्ट छ । यो सामाजिक असमानता कुनै ऐतिहासिक उत्पत्तिको परिणाम होइन । असमानता ब्राह्मणवादको शास्त्रसम्मत सिद्धान्त हो ।

११. भगवान् बुद्धले पूर्णरूपेण यसको विरोध गर्नु भएको छ ।

१२. भगवान् बुद्ध जातिवादको सबै भन्दा ठूलो विरोधी हुनु हुन्थ्यो र समानताको सबैभन्दा ठूलो र पहिलो समर्थक पनि हुनुहुन्थ्यो ।

१३. जातिवाद र असमानताको समर्थन गर्ने हरेक तर्कको उहाँले खण्डन गर्नुभयो, अर्थात् जातिवाद र असमानताको सधैं उहाँले विरोध गर्नुभयो ।

१४. यस विषयमा बुद्धसँग विवाद गर्न प्रयास गर्ने ब्राह्मणहरू धेरै थिए तर, तथागतले तिनीहरू सबैलाई नाजवाफ पारिदिनु भयो ।

१५. अश्वलायन सुत्तमा एउटा कथा छ । एकपटक सबै ब्राह्मणहरू भेला भएर अश्वलायन ब्राह्मणलाई असमानता र जातिवादको बारेमा शास्त्रार्थ गर्न भगवान् बुद्ध बस्नु भएको ठाउँमा पठाए ।

१६. अश्वलायन भगवान् बुद्ध समक्ष उपस्थित भएर जातहरूमध्ये ब्राह्मणहरू श्रेष्ठ भएको कुरा उहाँ समक्ष प्रस्तुत गरे ।

१७. उनले भने, "श्रमण गौतम ! ब्राह्मणहरू मात्र उच्च वर्गका हुन् बाँकी सबै नीच हुन्, ब्राह्मणमात्र शुक्लवर्ण हुन्, बाँकी सबै कृष्णवर्ण हुन्, पवित्रता वा शुचिताको बास केवल ब्राह्मणहरूमा हुन्छ, अब्राह्मणमा हुँदैन, ब्राह्मण मात्र ब्रह्माको मुखबाट उत्पन्न औरस-पुत्र हुन्, उसले रचना गरेको, उसले पैदा गरेको तथा उसका उत्तराधिकारी हुन् भन्ने ब्राह्मणहरूका भनाइ छन् । यस विषयमा तपाईंको के विचार छ ?"

क्रमश:



Downloaded from http://www.dhamma.digital

GOOD QUESTION GOOD ANSWER

# 1. What is Buddhism ?

■ Ven. S. Dhammika

***Question :* Is Buddhism scientific ?**

Answer : Before we answer that question it would be best to define the word 'science'. Science, according to the dictionary is - "knowledge which can be made into a system, which depends upon seeing and testing facts and stating general natural laws, a branch of such knowledge, anything that can be studied exactly."

